"हामी सबैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा
विराटनगर, मोरंग
प्रदेश नं.१, नेपाल

प.सं. : 0७६/0७८
च.नं.: ११८५

मिति :२०७८।०२।११

विषय : शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु
विराटनगर ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं.२०० मिति २०७८।०२।०९ को प्राप्त पत्रानुसार वि.सं.२०५७ साल श्रावण १ भन्दा अधि स्थायी नियुक्ति लिई प्राविधिक २ ग्रेड खाइपाइ आएका शिक्षक र प्राविधिक २ ग्रेड खाइपाइ आएका अवकास प्राप्त शिक्षकको प्राविधिक ग्रेड रकम सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६।०१।१५ को रिट नं. ०७३-WO-०७२ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको आधार र प्रकृया अनुसार गर्न ताँहा माननीय मन्त्रीस्तरबाट निर्णय भएको र स्थानीय तहलाई लेखि आएको हुँदा यस महानगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा हाल कार्यरत तथा सेवा निवृत शिक्षकहरुले आफुले प्राविधिक २ ग्रेड खाइपाइ आएका प्रमाण सहितका आवश्यक कागजातहरु संलग्न राखी आ-आफ्नो विद्यालयमा पेश गर्नु हुन अनुरोध छ । विद्यालयले शिक्षकबाट पेश भएका कागजात रुजु गरी छुट भएको रकम प्रमाणित गरी छुट्टै माग फाराम सहित मिति २०७८।०२। २३ भित्र शैक्षिक प्रशासन महाशाखामा पेश गर्नु हुन अनुरोध छ । छुट प्राविधिक ग्रेड रकम यकिन गरि समयामानै पालिकाहरुले केन्द्रसंग माग गर्नु पर्ने भएको हुँदा तोकिएको समय भित्र माग फाराम पेश नगर्ने विद्यालयको हकमा विद्यालय स्वयं जिम्मेवार रहने व्यहोरा समेत अनुरोध छ ।

**शिक्षकले माग गर्नु पर्ने रकमको एकिन गर्ने आधार र अन्य सबै प्रकृयासम्बन्धी पूर्ण जानकारी यसै सूचनासंगै वेभसाइटमा राखिएको छ । थप जानकारीको लागि ९८४२४२९५५८, ९८४२०५०९२१ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

..................
अधिकृत सातौं

